CC-0. In Public Domain. Digitization by eGangotri Foundation

(अष्टोत्तर शतैर्क)

वाल्मीकि विद्यापीठ--पुस्तकालय

लेखक :
नरेन्द्र केशरी उपाध्याय पौड्यालय

प्रकाशक :—
लेखक

वि० सं० २०२३]
गुरुपूर्णिमा

[मूल्य— ।५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनीषिणः सन्ति न ते हितैषिणो
हितैषिणः सन्ति न ते मनीषिणः ॥
सुहृच्च विद्वानपि दुर्लभो नृणां
यथौषधं स्वादु हितं च दुर्लभम् ॥

मुद्रक :
वैजनाथ प्रसाद
कल्पना प्रेस
रामकटोरा रोड, वाराणसी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

फैलोस् नैतिकता-लता सुविततता राजा-प्रजा-व्यापिनी,
उर्लोस् आत्मसुधारसारसरिता नेपाल-आप्लाविनी।
भन्ने लक्ष्य लिएर उच्चतर त्यो, वंशस्थमा गुम्फिता,
माला यो कवितामयी हजुरमा दुर्गे! छ है अर्पिता॥

—लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मति

नरेन्द्रका गर्जनमा छ सत्यता,
विशालता, राष्ट्रियता र सभ्यता ।
प्रचार यस्को हुँनु पर्छ देशमा,
सुधारका लागि पुगोस् नरेशमा ॥
साँचो कुरा लेखन शैलि कट्टर,
भयेन मिथ्या फइलिन्छ गट्टर ।
रोकेर त्यो ल्याउँनु पर्छ सभ्यता,
न ल्याइये नैतिकता हुँने कता ?

योगी नरहरिनाथ

२०२३।१।२६।४
मृगस्थली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDP

प्राक्कथन

प्रस्तुत "नैतिकता" शीर्षक पद्य कविता, विगत २०२२ साल ज्येष्ठ २९ गते सम्पन्न भएको राष्ट्रनायक श्री ५ महाराजाधिराजको ४६ सौं शुभ जन्मोत्सवको उपलक्ष्यमा रायल नेपाल एकेडेमी द्वारा आयोजित कविता—उत्सव-समारोहको लागि, मौसूफ श्री ५ बाट बक्सेको शीर्षक 'नैतिकता' विषयमा तत्काल २६। २७ पद्य मात्र रचना गरी, प्रस्तुत गरिएको थियो ता पनि उक्त रायल नेपाल एकेडेमीका आयोजक कविता-योजनाको तर्फबाट भएको खेदजनक पक्षपात-नीतिले गर्दा, आमन्त्रित गरिए र पनि उक्त समारोहको कविता-पाठमा यसले स्थान पाउँन सकेन। त्यस पछि "शङ्कर, सावधान !!!" निबन्ध लेखी प्रकाश गरेको तथाकथित अभियोगमा श्री ५ को सरकारको प्रशंसनीय कृपादृष्टिबाट सदर भद्रगोल जेलमा मेले सुरक्षा कानून अन्तर्गत नजरबन्द भई, थुनिनु परेकोले यो रचना त्यसै, यत्तिके थन्किएको थियो। श्री पशुपतिनाथको करुणा र श्री ५ राष्ट्रनायकको निगाहले पछि नजरबन्दीबाट छुटे पछि केहि संशोधन र परिवर्द्धन समेत गरी, अष्टोत्तर शतकको रूपमा यो रचनालाई सर्व-साधारण जनता जनार्दनको पुनीत सेवामा आज राख्न पाउँदा मेले आफ्नो सौभाग्य संझेको छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"स्पष्टवक्ता न दोषभाक्" भन्ने सिद्धान्त अनुसार ... यिक-समाजको चरित्र-चित्रण गर्दा, स्पष्टवक्ता, निर्भीक कविले देखे, सुनेका र अनुभव गरेका घटनाहरू एवं लोक-प्रवाहको प्रतिबिम्ब काव्यमा उतारेको हुन्छ। स्पष्टोक्तिले कतैतिर चोट पछ भने "मलाई ताकेर हानेको हो" भन्ने न ठानी, अनि "चोरको खुट्टा काट" भन्ना साथ पर्ने आक्षेप पनि न संझी घुणाक्षरन्यायले सम्बन्धित व्यक्ति, संस्था वा समाजले आत्मसुधार एवं चरित्र-निर्माण गरी, नैतिकता स्थिर राखोस्-भन्ने पवित्र भावनाले आफ्नो मुटुको व्यथा पोखेकोमा लेखक क्षमा प्रार्थी छ।

विनीत, मङ्गलाकांक्षी

नरेन्द्र केशरी उपाध्याय

सं० २०२३, चैत्र पूर्णिमा,
मङ्गलवार,
कान्तिपुर, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Foundation

नैतिकता

(अष्टोत्तर शतक)

ॐ

स्वतन्त्रता, नास्तिकता, विलासिता,
समानता, भौतिकवाद — वादिता ।
आदर्श हाम्रो ठहऱ्यो जसै यता,
हा ! दैव ! हा ! नैतिकता गयो कता ?

बन्यो पुरातत्त्व स्वदेश — संस्कृति,
भयो शिरोधार्य विदेश — पद्धति ।
सऱ्यो सदाचार — विशिष्ट — सभ्यता,
हा ! हन्त ! हा नैतिकता रह्यो कता ?

महत्व वेचेर सबै स्वदेशको,
बसेर खाली भरमा विदेशको ।
विदा भयो राष्ट्रियता जसै यता,
हा ! दैव ! हा ! नैतिकता बह्यो कता ?

सिद्धान्त, शिक्षा, नय, नीति, साधन,
प्रबन्ध, कानून, कला, प्रशासन ।
पराइकै भो सब सार्वभौमता,
हा ! हन्त ! हा ! नैतिकता झऱ्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनिन्छ सिद्धान्त प्रचार मात्रमा,
देखिन्न सत्ता व्यवहार — कालमा।
हताशिदै (निराशिदै) गो जनता जसै यता
हा ! दैव ! हा ! नैतिकता टऱ्यो कता ?

लुछाचुँड़ी गर्न समस्त अङ्गको,
घेरा छ सर्वत्र पराइ — गिद्धको।
सिनो सरी भो किन ? आज वीरता,
हा ! हन्त ! हा ! नैतिकता तऱ्यो कता ?

स्वदेशको संस्कृतिमा सधैं चुकी
विदेशको नक़ल मात्रमा झुकी।
कर्तव्यकै आज भएन क्यै पता,
हा ! दैव ! हा ! नैतिकता पऱ्यो कता ?

विलासिता — पोषक औ मनोहर,
झलक देखेर अमोघ "डालर"।
झुक्यो जसै दुर्दमनीय — वीरता,
हा ! हन्त ! हा ! नैतिकता सऱ्यो कता ?

मुलेर त्यै 'डालर' मा विदेशको,
कर्तव्य — हत्या हुँन — गो स्वदेशको
धिक्कार ! यो कायरता र नीचता,
हा ! दैव ! हा ! नैतिकता मऱ्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding by

मुग्ध छ आज शासन,
पैसैमहाँ केन्द्रित भो प्रशासन।
विदेशियो मौलिकता जसै यता,
हा! हन्त! हा! नैतिकता गिऱ्यो कता?

शैथिल्य भो शासनमा जती — जती,
आचार — भ्रष्टत्व हुँने उती — उती।
कहाँ रह्यो? शासनको अमोघता,
हा! दैव! हा! नैतिकता छिऱ्यो कता?

व्यक्तित्वको नै छ यथार्थ स्वार्थ ता,
छ देशको स्वार्थ सबै नगण्यता।
भो व्यक्ति सर्वोपरि, गौण देश ता,
हा! हन्त! हा! नैतिकता फिऱ्यो कता?

प्रचारमा मात्र रहेर निर्भर,
बन्दैन कैल्यै पनि देश सुन्दर।
चाहिन्छ आधार अवश्य सत्यता,
हा! दैव! हा! नैतिकता गड्यो कता?

फलाक्छ जो सत्य — असत्य रेडियो,
साँचो—झुटो जो अखबार छापियो।
प्रचारको यो युग रे कठै! यता,
हा! हन्त! हा! नैतिकता सड्यो कता?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमेरिका मस्त छ पूँजिवादमा,
छ रूस आनन्दित साम्यवादमा ।
दरिद्र — हाम्रो घरमा अलग्नता,
हा ! दैव ! हा ! नैतिकता गुड्यो कता ?

साँढे दुवैतर्फ बड़ा कड़ा -- कड़ा,
सानो छ बाछो विचमा कठै ! खड़ा ।
कसोरि ? उस्को रहला वरिष्ठता
हा ! हन्त ! हा ! नैतिकता वुड्यो कता ?

अमेरिका, रूस र चीन, भारत,
जापान, इज्रायल औ विलायत ।
छन् मित्र यी, किन्तु यहाँ दरिद्रता,
हा ! दैव ! हा ! नैतिकता उड्यो कता ?

संसद् — प्रणालीय उता छ भारत,
समाजवादी चिनियाँ यता रत,
आदर्श हाम्रो छ अहो !! उदारता,
हा ! हन्त ! हा ! नैतिकता अड़्यो कता ?

'हिन्दू' भनी घोषित संविधानमा,
अध्यात्म — संस्कार — पुनीत देशमा ।
आर्यत्वको यो दयनीय — दीनता,
हा ! दैव ! हा ! नैतिकता वग्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Foundation

तपोभूमि अगाड़ि पावन,
वन्यो उही आज विहार—कानन।
विलासको भो अखडा जता तता,
हा! हन्त! हा! नैतिकता कुह्यो कता?

प्रभुत्व पञ्छाइ पवित्र — क्षेत्रको,
तोड़ी सबै आदर सिद्ध — पीठको।
छायो तुँवालो जडवादको यता,
हा! दैव! हा! नैतिकता चुह्यो कता?

लिएर रातौंदिन भोगवासना,
गरेर खाली धनको उपासना।
भए अनावश्यक आज देवता,
हा! हन्त! हा! नैतिकता तुह्यो कता?

टीका—शिखा—सूत्र यि तीन पावन,
हिन्दुत्वका हुन् गरिमा सनातन।
परन्तु, हो रे अब यो असभ्यता,
हा! दैव! हा! नैतिकता नुह्यो कता?

टुपी भयो बाघक केश — साजमा,
जनै भयो बोझ शरीर माझमा।
डुब्यो शिखा — सूत्र — विहीन आर्यता,
हा! हन्त! हा! नैतिकता खियो कता?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सानो, ठुलो, लिङ्ग र वर्ण भेदता,
अमान्य भो, मान्य भयो अभेदता ।
अभेद — सिद्धान्त चल्यो जसै यता,
हा ! दैव ! हा ! नैतिकता लुक्यो कता ?

भो जन्म आवश्यक — अस्पतालमा,
छ मृत्यु त्यै आखिर — अस्पतालमा ।
यो जिन्दगी होटल मैं सदा — रता,
हा ! हन्त ! हा ! नैतिकता गुम्यो कता ?

स्वदेश — रक्षा — रत, वीर क्षत्रिय,
थिए अघी देश — समाजमा प्रिय ।
वाणिज्य धन्दा उनको भयो यता,
हा ! दैव ! हा ! नैतिकता चुक्यो कता ?

थिए अघी गोचर जे, जती, जहाँ,
स्वाहा भए भूमिसुधारले वहाँ ।
गोवंशमा भो खतड़ा खड़ा यता,
हा ! हन्त ! हा ! नैतिकता खस्यो कता ?

गौमाथि माता सरि राखि भावना,
गोरक्ष — नेपाल थियो महामना ।
त्यै वंशमा आज हुँदै छ क्षीणता,
हा ! दैव ! हा ! नैतिकता पस्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Foundation

सिनेमा — हल देव—मन्दिर,
भो आज ट्राञ्जिष्टर हार सुन्दर ।
विडम्बना यो शुरु भो जसै यता,
हा ! हान्त ! हा ! नैतिकता फस्यो कता ?

भए सबै तीर्थ — समान होटल,
पवित्र गङ्गाजल — तुल्य बोतल ।
आर्यत्वमा यो किन ? आज अष्टता,
हा ! दैव ! हा ! नैतिकता वस्यो कता ?

हिन्दुत्व त्यै हो जसमा सनातन,
गरिन्छ वर्णाश्रम — धर्म — पालन ।
अहो ! प्रथा त्यो गलहत्तियो यता,
हा ! हन्त ! हा ! नैतिकता गल्यो कता ?

चोखो — जुठोको न कहीं विचार छ,
कुखाद्य औ खाद्य दुवै प्रसाद छ ।
आयो अनौठा कुन यो समानता,
हा ! दैव ! हा ! नैतिकता चल्यो कता ?

औद्धत्य, उच्छृङ्खलता, नृशंसता,
भ्रष्ट — आचार, चरित्र— हीनता ।
भएर आयो यिनकै प्रधानता,
हा ! हन्त ! हा ! नैतिकता जल्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष नारायणरूप — भूपति,
छदैछ हाम्रो स्मृति— शास्त्र — सम्मति ।
परन्तु रुचै ? शासन — सिद्ध — शिष्टता,
हा ! दैव ! हा ! नैतिकता ढल्यो कता ?

गीता "नराणाञ्च नराधिपम्" भनी,
गर्जन्छ गम्भीर — रहस्यको ध्वनि ।
महेन्द्रमा आज छदै नरेन्द्रता,
हा ! हन्त ! हा ! नैतिकता भुल्यो कता ?

हटाइ श्रद्धा दृढ — राजतन्त्रमा,
लिएर आस्था मृदु — लोकतन्त्रमा ।
पञ्चायतीतन्त्र भयो खड़ा यता,
हा ! दैव ! हा ! नैतिकता वल्यो कता ?

सिद्धान्त पञ्चायतको छ निर्मल,
आदर्श पञ्चायतको छ उज्ज्वल ।
छ किन्तु सारा व्यवहार — शून्यता,
हा ! हन्त ! हा ! नैतिकता गल्यो कता ?

सिद्धान्त सापेक्ष — प्रबन्ध कौशल,
हो पक्ष पञ्चायतको समुज्ज्वल ।
बन्दैछ उल्टो किन ? हो प्रवाहता,
हा ! दैव ! हा ! नैतिकता मऱ्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding by MoE

फटाहा, बदमास, शोषक,
जो—जो थिए, ती बनि देश—सेवक ।
प्रविष्ट पञ्चायतमा भएँ यता,
हा ! हन्त ! हा ! नैतिकता हुनियो कता ?

फरेब, धोका, छल, जाल, धूर्तता,
कापट्यको भो अखड़ा जतातता ।
रहेन पञ्चायतमा पवित्रता,
हा ! दैव ! हा ! नैतिकता पच्यो कता ?

गरीवको शोषण उच्च लक्ष्य छ,
स्वदेश—निर्माण प्रचार मात्र छ ।
प्रभुत्व पञ्चायतको चल्यो यता,
हा ! हन्त ! हा ! नैतिकता वच्यो कता ?

बनोस पञ्चायत लोक — रक्षक,
न होस त्यो भ्रष्ट स्वदेश — भक्षक ।
प्रबन्ध यस्तो हुँनु — पर्दथ्यो यता,
हा ! दैव ! हा ! नैतिकता बिक्यो कता ?

स्वयम् महाराजधिराज भूपति—
हुँदाहुँदै भूमिसुधार — पद्धति ।
अचम्भ !! आयो ढसमस्स यी यता,
हा ! हन्त ! हा ! नैतिकता पुग्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitization by eGangotri.Funding: MIDF

छ ध्यान रातौदिन उच्च सीटको,
चरित्र देखिन्छ नगण्य — कीटको ।
नेता स्वयं घोषितको छ ग्राह्यता,
हा ! दैव ! हा ! नैतिकता ड्ग्यो कता ?

अस्तित्वको मत्लव छैन देशको,
न ता छ माया — ममता समाजको ।
स्वार्थान्धकै आज भयो प्रधानता,
हा ! हन्त ! हा ! नैतिकता कट्यो कता ?

लोभी — मनोवृत्ति र स्वार्थ — भावना,
त्यागेर पो देश — विकास — योजना ।
साफल्य होला, तर त्याग रुवै ? यता,
हा ! दैव ! हा ! नैतिकता ड्ढ्यो कता ?

हिजो थियो जो पथभ्रष्ट, पामर,
बन्यो उही आज ठुलो मिनिष्टर
ठहनै आयो जनतन्त्र यो यता,
हा ! हन्त ! हा ! नैतिकता हट्यो कता ?

रवाफ, ढाँचा, मदिरा, सुभोजन,
हवाइ — यात्रा, रसदार — भाषण ।
मन्त्रित्वको रे सब यो विशेषता,
हा ! दैव ! हा ! नैतिकता छुट्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

...न्छ शास्त्रमा,
मन्त्री वयोवृद्ध चुनिन्छ विश्वमा ।
रहेन हाम्रो अब वृद्ध — मान्यता,
हा ! हन्त ! हा ! नैतिकता घुम्यो कता ?

गम्भीर — वृद्धत्व रहन्छ होशमा,
युवा सदा बग्दछ शीघ्र जोशमा,
भयो उपेक्षा जब होशको यता,
हा ! दैव ! हा ! नैतिकता टुट्यो कता ?

मन्त्रित्व — त्यो राष्ट्रिय — मन्त्रणा दिने,
मन्त्रित्वमा मन्त्र स्वभावले हुँने ।
मन्त्री विना — मन्त्र भए जसै यता,
हा ! हन्त ! हा ! नैतिकता गुम्यो कता ?

विरोध नै हो गुण लोकतन्त्रको,
मिथ्या प्रजातन्त्र विना — विरोधको ।
विरोधको छैन भने स्वतन्त्रता,
हा ! दैव ! हा ! नैतिकता छुटयो कता ?

विरोधको जो प्रतिरोध — भावना,
त्यै हो प्रजातन्त्र — विरुद्ध — योजना ।
आयो सुरक्षा—अधिकार यो यता,
हा ! हन्त ! हा ! नैतिकता फुट्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो हो सुरक्षा— [illegible]
अव्यर्थ ब्रह्मास्त्र छ सबैको,

अहो ! नजर्बन्द - महासमर्थता,
हा ! दैव ! हा ! नैतिकता गड्यो कता ?

जो सत्यवादी जनता छ देशमा,
थुनिन्छ त्यो निर्दयसाथ जेलमा ।
कुराउटेकै छ प्रशस्त मान्यता,
हा ! हन्त ! हा ! नैतिकता सुत्यो कता ?

जो—जो हितैषी छ नरेश—देशको,
त्यो—त्यो हवा खान्छ तुरुन्त जेलको ।
आश्चर्य ! आयो कुन तन्त्र यो यता,
हा ! दैव ! हा ! नैतिकता वित्यो कता ?

विचार—स्वातन्त्र्य र लोकतन्त्रको,
तादात्म्य सम्बन्ध छ राष्ट्र-यन्त्रको,
देखिन्छ सारा विपरीतता यता,
हा ! हन्त ! हा ! नैतिकता कुद्यो कता ?

डरै भए चल्छ सबै प्रशासन,
हो नत्र कानून अरण्य—रोदन ।
कहाँ गयो दण्ड - विधान - संहिता,
हा ! दैव ! हा ! नैतिकता पऱ्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

...दछ,
घाँटी छ सानो तर हाड़ रोज्दछ ।
आयो विकेन्द्रीकरण-प्रथा यता,
हा ! हन्त ! हा ! नैतिकता टप्यो कता ?

कुनै वफादार हुँदैन लक्कुले,
श्रद्धा र विश्वास हुँदैन धक्कुले ।
चरित्रमा छैन भने पवित्रता,
हा ! दैव ! हा ! नैतिकता दब्यो कता ?

मिथ्या प्रशंसा छ, अनर्थ अर्थ छ,
घोडा सबै कागतको दगुर्दछ ।
सर्वत्र सारा फिजियों असत्यता,
हा ! हन्त ! हा ! नैतिकता डुब्यो कता ?

बनी भिखारी, गरदै जदौ-जदौ,
हुँदैन कैल्यै पनि चैतमा भदौ ।
चाहिन्छ आफ्नै पुरुषार्थ-सार्थता,
हा ! दैव ! हा ! नैतिकता जम्यो कता ?

निमोठियो शैलचुली-कुलीनता,
उखेलियो आदरणीय-योग्यता ।
नाता-कृपा-चाकरिकै छ श्रेष्ठता,
हा ! हन्त ! हा ! नैतिकता रम्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढ्दाछ चार...

ठुला-वड़ाको पनि भोलिकै

छ भोलिकै जीत अहो ! अझै यता,

हा ! दैव ! हा ! नैतिकता गुम्यो कता ?

बन्दो छ त्यै एक करोडको पति,

उनान्सयेको छ अपार दुर्गति ।

छ गाँजिदै शोषक-शोष्य-भिन्नता,

हा ! हन्त ! हा ! नैतिकता घुम्यो कता ?

भोको र नाङ्गो जनता कठै ! यता,

सर्वोच्च-आनन्द-सुरा छ ऊ उता ।

यो स्वार्थको भीषण नग्न नृत्यता,

हा ! दैव ! हा ! नैतिकता गयो कता ?

लाखौं-करोडौं धनको अपव्यय,

हुँदोछ मन्त्रालयभित्र निर्भय ।

छ रीतिदै राष्ट्रिय-कोष ऊ उता,

हा ! हन्त ! हा ! नैतिकता झुल्यो कता ?

विवाह-आदर्श छ पारपाचुके,

पवित्र संस्कार सबै फुटे, चुके ।

सम्बन्ध-विच्छेद भयो सुसभ्यता,

हा ! दैव ! हा ! नैतिकता झ्च्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE-IKS

...स्तको गौरववाट चिप्लिई,
विलासको खाड़लमा पछारिई।
नारीत्व ठाड़ै पथभ्रष्ट भो यता,
हा! हन्त! हा! नैतिकता टऱ्यो कता?

नारी-नितम्ब-स्तनको प्रदर्शन,
जसै बन्यो सुन्दर, सभ्य फेशन।
भो आर्यतामा विजयी अनार्यता,
हा! हन्त! हा! नैतिकता पऱ्यो कता?

लक्ष्मी, सुभार्या, सहधर्मिणी, सती,
अर्धाङ्गिनी, श्री, गृहिणी, प्रिया, रति।
यो उच्च-सम्मान भयो असभ्यता,
हा! हन्त! हा! नैतिकता मऱ्यो कता?

मिथ्या-प्रशंसा-रत जो छ त्यो कवि,
त्यै हो ठुलो लेखक, त्यै नयाँ छवि।
बढ्दोछ धन्दा गुणगानको यता,
हा! दैव! हा! नैतिकता गिऱ्यो कता?

भयो खड़ा प्रोन्नत सोल्टि — होटल,
नेपाल वेलायत भो महोज्वल।
परन्तु खै? राष्ट्रिय — भाव—भव्यता,
हा! हन्त! हा! नैतिकता सड्यो कता?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. Public Domain. Digitization by eGangotri.Funding: MIDF

पढेर बी० ए० अनि गर्नु नोकरी,
बटुल्नु थुप्रो धन जे—जसो गरी।
आदर्श शिक्षा यहि हो — अरे यता,
हा! दैव! हा! नैतिकता गुड्यो कता?

पैसा भए मानव सभ्य मानिने,
चरित्र — बिर्माख गरेर के? हुँने।
सम्पूर्ण शिक्षै व्यवसाय भो यता,
हा! हन्त! हा! नैतिकता बुड्यो कता?

सर्वस्व बेचेर गरीब — बाबुले,
छोरो पढाको पछिसम्म — आशले।
छोरो भयो शिक्षित, मूर्ख बाबु ता,
हा! दैव! हा! नैतिकता वग्यो कता?

मनुष्यता छैन भने अपेक्षित,
हो व्यक्ति त्यो साक्षर, हुँन शिक्षित।
तथापि आडम्बरकै छ ग्राह्यता,
हा! हन्त! हा! नैतिकता वह्यो कता?

पढेर नै दानव बन्छ मानव
पढेर त्यै मानव हुन्छ दानव।
शिक्षा—प्रथामा छ कहाँ? मनुष्यता,
हा! दैव! हा! नैतिकता कुह्यो कता?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

छ रातौदिन भोगवासना,
घट्दोछ सेवा—व्रत, देश—भावना।
छ आज शिक्षा — विधिमैं अशुद्धता,
हा! हन्त! हा! नैतिकता चुह्यो कता?

श्रद्धेय — सम्राट् प्रति राजभक्तिमा,
इंग्ल्याण्ड, जापान छ अग्रपंक्तिमा।
नेपालको शिक्षित वर्ग स्वं यता?
हा! दैव! हा! नैतिकता तुह्यो कता?

के हो प्रजातन्त्र? कसोरि चल्दछ,
शिक्षा विना यो अधिकार व्यर्थ छ।
तसर्थ पैल्हे हुँनु पछ योग्यता,
हा! हन्त! हा! नैतिकता नुह्यो कता?

प्रशस्त शिक्षा उपयुक्त — मन्त्रको,
आधार हो वास्तव — लोकतन्त्रको।
चाहिन्छ यस्मा पनि त्यै मनुष्यता,
हा! दैव! हा! नैतिकता खियो कता?

इन्साफमा कृत्रिम — भाव लादियो,
स्वतन्त्र — स्वाभाविकता विनाशियो।
वकीलको पल्टन भो खडा यता,
हा! हन्त! हा! नैतिकता निभ्यो कता?

Nepal Sahskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्दा थियो केवल नौ — हजारको,
लड्दा भयो खर्च विशौं — हजारको ।
ढाँचा बद्यो, खर्च बढ्यो जताततता,
हा ! दैव ! हा ! नैतिकता खस्यो कता ?

छ न्याय अन्याय—विशिष्ट सम्मत,
सर्वोच्च इत्यादि सबै अदालत ।
भए जसै शोषण — यन्त्र झैं यता,
हा ! हन्त ! हा ! नैतिकता पस्यो कता ?

पुं—स्त्री पृथक् मान्दछ शब्दशासन,
कानून सुम्पन्छ समान — आसन ।
विभिन्नतामा कसरी ? समानता,
हा ! दैव ! हा ! नैतिकता चल्यो कता ?

हरेक मन्त्रालय औ विभागमा,
प्रत्येक न्यायालयका विहारमा ।
"चिया — चमेना" अनिवार्य भो यता,
हा ! हन्त ! हा ! नैतिकता गल्यो कता ?

कठै ! घुस्याहा ठहरिन्छ अदंली,
हाकीमकै आज भयो ढलीमली ।
"कोशेलि — सौगात" चल्यो जताततता,
हा ! दैव ! हा ! नैतिकता फस्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहै महँगी महाजन,
प्रशस्त गदोंछ समाज — दोहन ।
परन्तु, कानून भने छ बेपता,
हा ! हन्त ! हा ! नैतिकता जल्यो कता ?

ऐश्वर्य — उन्मत्त भए महाजन,
व्यापार भो अंकुश — शून्य — शोषण ।
घट्दै गयो शासनको समर्थता,
हा ! दैव ! हा ! नैतिकता ढल्यो कता ?

स्वदेश त्यो भारत—पाक—चीन हो,
नेपाल ता शोषणको बजार हो ।
यो सेठ—सिद्धान्त चल्यो जसै यता,
हा ! हन्त ! हा ! नैतिकता तर्‍यो कता ?

निःसार रद्दी उसिना छ चामल,
खायो कि छाती धडकन्छ निर्बल ।
शरीर धान्ने कसरी ? अहो ! यता,
हा ! दैव ! हा ! नैतिकता रुझ्यो कता ?

नौ—भाग — पानी दश— भाग—दूधमा,
अशुद्धि घ्यू गन्ति भयो खुराकमा
यो प्राण राख्ने कसरी ? अहो ! यता,
हा ! हन्त ! हा ! नैतिकता वल्यो कता ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाद्यान्नमा पौष्टिक—तत्त्व शून्य छ,
विशौं—गुना यो महगी असह्य छ।
निःसार खाना, महँगी,, दरिद्रता,
हा! दैव हा! नैतिकता बच्यो कता?

बढ्दो छ रोजै महँगी यातातिर,
कुखाद्य खाद्यान्न चल्यो उतातिर।
असह्य यो जीवन भार भो यता,
हा! हन्त! हा! नैतिकता बिक्यो कता?

सीमा सबैको छ समस्त विश्वमा,
निःसीम यौटै महँगी स्वदेशमा।
रहेछ भन्ने बुझिदै—गयो यता,
हा! दैव! हा! नैतिकता चुक्यो कता?

खायो, चपायो जब मिल्छ जे जति,
कुखाद्यले भीषण रोग भो अति।
छदैछ साक्षा अनि आर्यघाट ता,
हा! हन्त! हा! नैतिकता सुक्यो कता?

छ फीसको मत्लब, छैन देशको,
रोगी मच्यो, कुक्कुर को? मनुष्य को?
कहाँ रह्यो डाक्टरमा मनुष्यता,
हा! दैव! हा! नैतिका पुग्यो कता?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

—विख्यात, विशिष्ट, पावन,
अमूल्य औ दुर्लभ राष्ट्रको धन।
असंख्य गैड़ा सकिदै—गए यता,
हा ! हन्त ! हा ! नैतिकता ! डग्यो कता !

जतातैको हरियो वनैवन,
नेपालको मुख्य किंथो ठुलो धन।
समाप्त भो जंगल आज त्यो यता,
हा ! दैव ! हा ! नैतिकता उड्यो कता !

हरेर देवस्व, शिवस्व हो जति,
गर्दोछ संस्थाव—गुठी महोन्नति।
विध्वंस भो कीर्ति र शास्त्र—मान्यता,
हा ! हन्त ! हा ! नैतिकता फुट्यो कता !

माता, पिता, देश, नरेश, बान्धव,
न आज नाता छ, न ता छ गौरव।
गयो, विलायो, घसियो, मनुष्यता,
हा ! दैव ! हा ! नैतिकता हट्यो कता !

विचार—आचार—प्रचार सङ्कर।
विहार— आहार— मुहार सङ्कर।
जतातै सङ्कर कै छ मान्यता,
हा ! हन्त हा ! नैतिकता छट्यो कता !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्झी—सुनौला सपना अतातकी,
सोचेर फोटो घमिलो भविष्यको।
हराउँदै—गो मनको प्रसन्नता,
हा! दैव! हा! नैतिकता रह्यो कता?

मनीषिता - पूर्ण समृद्धि फल्दछ।
प्रमाद—आक्रान्त महर्घि ढल्दछ।
हो सत्य यो, छैन तथापि इष्टता,
हा! हन्त! हा! नैतिकता गयो कता?

अध्यात्म—आधारित औ सनातन,
जसै यता धर्म भएन धारण।
हा! दैव! हा! नैतिकतामयी लता,
विमर्दिता, जर्जरिता, नता, हता।

परन्तु आशा छ, अवश्य भोलि ता,
श्री गुह्यकाली—पशुपानुकम्पिता।
महो — महेन्द्र — प्रतिभानु — जीविता,
होली लता नैतिकता नवोदिता॥

(१०८)

समाप्त

श्रीसाम्बसदाशिवार्पणमस्तु तत् सत्!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu